बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या: २०८१।०८२ | च.नं. राजश्व शाखा/............... | मिति: २०८१।०५।१७

## सूचना । सूचना ।। सूचना ।।।

बेसीशहर नगरपालिका क्षेत्रभित्र संचालन गर्न पाउने गरी यस अघि ६२ वटा साना सवारी साधनहरुलाई संचालनको लागि रुट अनुमति पत्र प्रदान गरिएकोमा स्थानीयको माग र आवश्यकतालाई मध्यनजर राख्दै ३८ वटा साना सवारी साधन (ट्याम्पु) थप गर्ने भनि बेसीशहर नगरपालिकाको हलुका सवारी साधन (तिन पांग्रे, चार पांग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को परिच्छेद २, दफा ७ बमोजिम बनेको रुट इजाजत तथा भाडादर निर्धारण समितिको मिति २०८१।०५।०२ गतेको निर्णयानुसार यस अघि अटो संचालनको अनुमति नलिएका स्थानीय ब्यक्तिहरुबाट आजको मितिले १५ दिन भित्र अर्थात २०८१।०५।३१ गते ५:०० बजेभित्र तपसिल बमोजिमका शर्तभित्र रहने गरी आवश्यक कागजातसहित यस कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ ।

### निवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. रितपूर्वकको निवेदन थान १
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी थान १
३. सवारी चालक अनुमति-पत्रको प्रतिलिपी थान १ (प्रकृयामा रहेको भए ४५ दिनभित्र प्रमाण पेश गर्न सकिनेछ)
४. सवारी साधन सम्बन्धी कम्पनि/समितिमा दर्ता भई आउने भए सोको सिफारिस थान १
५. बेसीशहर नगरपालिकामा स्थायी रुपमा बसोबास भएको वडा कार्यालयको सिफारिस पत्र थान १
६. कृषि, पशु तथा अन्य सामानहरु ओसारपसारको लागि हो भने सम्बन्धित निकायहरुमा ब्यवसाय दर्ता तथा सूचिकृत गरेको प्रमाण पत्रको प्रतिलिपीहरु थान १
७. नियमानुसार सवारी साधन संचालन सम्बन्धी अन्य आवश्यक कागजातहरु ।

नोट:। १) यस अघि पेश भएका निवेदनहरुका सम्बन्धमा उपरोक्त बमोजिम हुने गरी थप कागजात पेश गरी सनाखत समेत गर्नुपर्नेछ । २) यस अघि दर्ता भएका सवारी साधन धनी वा एकाघरका परिवारबाट थप नयाँ अनुमतिको लागि माग गर्न पाइने छैन । ३) बेरोजगारी र विपन्न नागरिकलाई प्राथमिकता दिइनेछ ।

.............................

चेतनाथ अर्याल

प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत